भरतपुर महानगरपालिका, नगर कार्यापालिकाको कार्यालय,

भरतपुर, चितवन

# विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०७६

प्रमाणिकरण मितिः २०७६/०३/१६

**प्रस्तावनाः**

भरतपुर महानगरपालिका क्षेत्र बाढी, पहिरो, नदी कटान, आगलागी, मौसमको विसमता तथा भूकम्प जस्ता प्रकोपबाट उच्च जोखिममा रहेको छ । विपद् बाट वर्षेनी सयौंको संख्यामा जनधनको क्षति पूर्वाधार र अन्य संरचनाहरु नष्ट भइरहेका छन् । विपद् बाट मानिसहरुलाई उद्दार गरी पुनर्स्थापना गर्न वाञ्छनीय भएकोले भरतपुर महानगरपालिकाले नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७५ को दफा-१२ बमोजिम यो कार्यविधि बनाईएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भः

प्रमुख

(क) यो कार्यविधिको नाम **"विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०७६"** रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२) परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"कोष"** भन्नाले नियम ३ बमोजिम सञ्चालन एवम् व्यवस्थापन गरिने विपद् व्यवस्थापनको रकम सम्झनु पर्छ ।

(ख) **"वडा"** भन्नाले महानगरका वडा समितिलाई सम्झनुपर्छ ।

(ग) **"तोकिए वा तोकिए बमोजिम"** भन्नाले प्रचलित कानून अनुसार तोकिएको वा तोकिए बमोजिमको कुराहरु सम्झनुपर्छ ।

## परिच्छेद-२

## कोष सञ्चालन एवम् व्यवस्थापन

**३) कोषको स्थापना**

(१) विपद् व्यवस्थापन ऐनले व्यवस्था गरे बमोजिम एक कोष खडा गरिनेछ ।

(२) उपनियम (१) बमोजिम बनेको कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ;

(क) महानगरपालिकाका पदाधिकारी एवम् कर्मचारीले प्रदान गरेको रकम,

(ख) नगर सभाद्वारा विनियोजन गरिएको रकम,

(ग) दातृ निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससबाट कोषको नाममा सोझै प्राप्त रकम,

(घ) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम र

(ङ) वडा कार्यालयले विपद् व्यवस्थापनमा विनियोजन गरेको रकम ।

**४) कोषको प्रयोग**

(१) कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछ;

(क) प्राकृतिक प्रकोप, विपद् बाट असर परेको वा पर्न सक्ने व्यक्तिको उद्धार र सम्पत्तिको संरक्षण गर्ने,

(ख) तत्कालिन राहत तथा अस्थायी बसोबासको प्रबन्ध मिलाउने,

(ग) विपद् पश्चात तत्कालिन खाद्यान्नको  लागि आर्थिक सहायता व्यवस्था गर्ने,

(घ) विपदबाट घाइते तथा बिरामीको औषधी उपचार गर्ने,

(ङ) विपदबाट देहावसान भएकाको मृतकका आफन्तका लागि काजकिरिया गर्न आर्थिक सहायता गर्ने,

(च) पहिरो तथा भूक्षयको तत्कालिन नियन्त्रण गर्ने,

(छ) विपद् व्यवस्थापनका सचेतनामूलक कार्यक्रम गर्ने, पूर्वसावधानी अपनाउने वा पूर्वतयारी गर्ने ।

**५) कोषको रकम प्रयोग गर्न नहुने**

(१) नियम (४) मा जुनसुकै कुरा लेखिए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैन ;

(क) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई पारिश्रमिक, तलब भत्ता वा सुविधा उपलब्ध गराउन,

(ख) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार, अनुदान प्रदान गर्न र

(घ) विपदसँग सम्बन्धित विषयमा बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन।

**६) कोष सञ्चालन समिति**

(क) महानगरस्तरमा सञ्चालित विपद् व्यवस्थापन कोषको सञ्चालनका लागि देहाय बमोजिमको समिति गठन गरिनेछ ;

प्रमुख

नगर प्रमुख एवं नगर विपद् व्यवस्थापन समितिको संयोजकः अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृतः सदस्य-सचिव

नेपाल रेडक्रस सोसाइटीको प्रतिनिधिः सदस्य

अध्यक्षले तोकेको कार्यपालिका सदस्य १ जनाः सदस्य

आर्थिक प्रशासन महाशाखा प्रमुखः सदस्य

(ख) वडास्तरमा विपद् व्यवस्थापनको बजेट व्यवस्था भएमा मूल कोषमा समावेश गरी वडास्तरीय विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम खर्च गर्न सकिनेछ ।

(ग) अन्य कुराहरु नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**७) कोषको व्यवस्थापन तथा सञ्चालन**

(१) कोषको रकम भिन्नै खाता खोली जम्मा गरिनेछ ।

२) समितिको सदस्य-सचिव र आर्थिक प्रशासन महाशाखा प्रमुख वा महानगरपालिकाले तोकेको एकजना लेखा अधिकृतको संयुक्त हस्ताक्षरबाट उपनियम (१) बमोजिमको खाता सञ्चालन गरिनेछ ।

**८) आर्थिक सहायता एवम् पूर्वतयारी योजना**

(१) प्रकोपका जोखिममा रहेका क्षेत्रको Risk Assessment तथा Hazard Mapping व्यवस्था गर्ने । यस कार्यको लागि समितिको निर्णय अनुसार वा समितिको अध्यक्ष स्तरबाट लागत अनुमान अनुसार खर्च गर्ने ।

(२) खोज तथा उद्धारका लागि दक्ष जनशक्ति तयार गर्ने र खोज तथा उद्धार सम्बन्धी अत्यावश्यक औजारको समितिको निर्णयानुसार प्रबन्ध मिलाउने ।

(३) विपद् पश्चातको विपद् व्यवस्थापन एवम् पहिरो नियन्त्रणको योजना सामुदायिक स्तरमा समितिको निर्णय अनुसार विनियोजित रकम बाट सञ्चालन गर्ने ।

प्रमुख

(४) सामाजिक एवम् गैरसरकारी संघसंस्थाको सहयोग लिई विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने काम आवश्यकता अनुसार समितिको निर्णय अनुसार गर्ने ।

(५) महानगर भित्र घटेको विपद् तथा प्रकोपका घटनामा परी महानगरभित्र स्थायी बसोबास गरी बस्ने कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने परिवारलाई राहत स्वरुप प्रति मृतक रु. १००,०००/- अक्षेरुपी एक लाखका दरले आर्थिक सहायता वडा समितिको सिफारिसमा उपलब्ध गराउने ।

(६) विपदबाट आवागमन अवरुद्द भएको भए मेसिनरी औजार प्रयोग गरी पहिरो पन्छाउनका लागि बढीमा २४ घण्टा जेसिभी प्रयोगको रकम वडा कार्यालयको माग अनुसार खर्च गर्ने ।सो भन्दा बढी समय लाग्ने भएमा महानगरस्तरीय समिति वा अध्यक्षको आदेश पश्चात मात्र काम गराउने ।

(७) विपदबाट घर बहालको आवास नष्ट भएका वा खाद्यान्नबाली तथा जग्गा जमिन वा पसल व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई तत्काल आवश्यक व्यवस्थाका लागि रु. १०,०००/- अक्षेरुपी दश हजार सम्म प्रति परिवार राहत सहयोग उपलब्ध गराउने ।

(८) विपद्का घटनामा परी खाद्यान्न, लत्ताकपडा लगायत घर वा संरचना पूर्ण रुपमा नष्ट भएका वा पूर्ण नष्ट नभए तापनि सम्भावित खतराबाट जोगिन महानगरपालिका भित्र अन्यत्र सर्नुपर्ने वा विस्थापित भै सुरक्षित स्थानमा नयाँ आश्रयस्थल निर्माण गरी व्यवस्था गर्नुपर्ने अवस्थाका परिवार वा संघसंस्थालाई रु. ५०,०००/- अक्षरुपी पचास हजारका दरले आर्थिक सहायता प्रदान गर्ने ।

(९) प्रकोपका घटनामा परी घाइते हुनेहरुलाई सरकारी अस्पतालमा नेपाल सरकारले उपचारको प्रबन्ध मिलाएकोले उपचारका लागि अस्पताल पुर्याउने प्रवन्ध मिलाउने ।

(१०) प्रकोपबाट पीडितका लागि आश्रयस्थल निर्माणका लागि सहुलियत दरमा निर्माण सामाग्री काठ, बालुवा, गिटी स्थानीय स्तरमा उपलब्ध गराउने ।

(११) भूकम्प, बाढी, पहिरो, आगलागी, असिनापानी, हुरीबतास, चट्याङ्गका साथै अन्य प्रकोपका कारणबाट भएको हवाई, सडक एवम् डुङ्गा दुर्घटनाबाट प्रभावित पीडितहरुलाई मात्र राहत सहयोग उपलब्ध गराउने तर राहत उपलब्ध गराउँदा अनिवार्य प्रहरी मुचुल्का समावेश गर्नुपर्नेछ ।

प्रमुख

(१२) विपद् तथा प्रकोपका कारण जमिनमा पहिरो गई क्षयीकरण भएमा जाली खरिद गरी उपलब्ध गराउने तर जाली भर्ने ढुङ्गा एवम् सामाग्री स्थानीय स्तरबाटै व्यवस्थापन गर्नुपर्नेछ ।

(१३) विपद्को समयमा खानेपानी आपूर्ति बन्द भएमा सुचारु गर्ने प्रबन्ध तत्कालै वडास्तरमा वडा कार्यालय मार्फत मिलाउने ।

(१४) राहत उपलब्ध गराउँदा घटना भएको ३० दिनभित्र सूचना प्राप्त भएको घटनाका लागि मात्र राहत सहयोग उपलब्ध गराउने । राहत रकम दोहोरो नपर्ने गरी उपलब्ध गराउनु पर्नेछ ।

**९) अधिकार प्रत्यायोजन**

महानगरस्तरीय विपद् व्यवस्थापन समितिले आफुमा रहेको केही अधिकार वा सबै अधिकार वडास्तरमा प्रत्यायोजन गर्न सक्नेछ ।

**१०) लेखा तथा लेखापरीक्षण**

(१) कोषको आम्दानी तथा खर्च तोकिएको लेखापरीक्षण प्रणाली बमोजिम हुनेछ।

**११) संशोधन**

(१) यस कार्यविधिका नियमहरु समयानुकूल नगर कार्यपालिकाबाट संशोधन गर्न सकिनेछ।

प्रमुख